# पर्वत जिल्ला अदालत

पत्र संख्याः ०८२/८३
चलानी नं.:

फोन नं.: ०६७-४२०१९५

## घर भाडामा लिने सम्बन्धी ७ दिने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।०४।०२ गते)

पर्वत जिल्ला अदालतको लागि घर भाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीहरुबाट देहायका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस अदालतको कार्यालय समयभित्र आई पुग्ने गरी आफूले दिन सक्ने बहाल दररेट खुलाई तपसिल बमोजिमका कागजातहरुको प्रतिलिपि सहित रितपूर्वक निवेदन आह्वान गरिन्छ ।

**शर्तहरु**

१. यस अदालतबाट नजिकै पर्ने गरी कुश्मा बजार भित्र अवस्थित ।
२. धारा, पानी र बिजुलीको मिटर जडान भएको ।
३. सवारी पार्किङको सुविधा भएको ।
४. बहाल दिन चाहेको घरमा कम्तीमा १० देखी १२ कोठा भएको ।
५. आफूले घरभाडा दिन चाहेको घर के कति भाडामा दिन सकिने हो? मासिक र वार्षिक रकम अङ्क र अक्षरमा स्पष्ट रुपमा उल्लेख भएको ।
६. घर भाडाको दर रेट सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(४) बमोजिमको घरभाडा निर्धारण समितिले निर्धारण गरे बमोजिम हुने।
७. नियमानुसार घरबहाल कर लाग्ने ।
८. घर बहालमा दिने घरधनीको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि, नक्सा पास प्रमाणपत्रको प्रतिलिपि, नागरिकताको प्रतिलिपि, घर बहाल कर तिरेको भए कर चुक्ता प्रमाणपत्र सहितको निवेदन ।
९. अन्य कुरा प्रचलित ऐन नियमावली अनुसार हुनेछ ।

..................
(भरत पौडेल)
नि. स्रेस्तेदार
**नि. स्रेस्तेदार**

२०८२।४।२